STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ६ गते बिहीबार ❑ 20 Jan. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।-

## प्रदेशको सबै शक्ति कोरोना नियन्त्रणमा जुटेको छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कोभिडको तेस्रो लहर रोकथाम र नियन्त्रणका लागि जनशक्ति, अक्सिजन प्लान्टदेखि अस्पतालको व्यवस्थापनमा प्रदेश सरकारले हरसम्भव प्रयास गरिरहेको बताएका छन् ।



कोभिडको तेस्रो लहर नियन्त्रणका लागि नेपाल सरकारले पुस ३० गते जारी गरेको आदेश कार्यान्यनका लागि प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार गरेको भर्चुअल बैठकमा मुख्यमन्त्री पोखरेलले भने, 'महामारी नियन्त्रणमा हामीले सक्दो प्रयास गरेका छौं, कहिँकतै जनशक्ति अभाव नहोस् भनेर त्यही अनुसार व्यवस्थापन गरेका छौं ।'

नवलपुर लगायत जिल्लामा ल्याबको जनशक्ति नहुँदा पिसिआर परीक्षण रोकिएको खबर पाए लगत्तै २ कर्मचारी पठाएको र बिहीबारबाटै उनीहरुले काम थाल्ने मुख्यमन्त्रीको भनाइ थियो । तेस्रो लहरको नियन्त्रणकै लागि प्रदेश सरकारले ३ सय ५० जना स्वास्यकर्मी करारमा लिएर सम्बन्धित अस्पतालहरुमा पठाइएको उनले बताए ।

महामारीका बेला अक्सिजन प्लान्ट दुरुस्त राख्न, आइसोलेसन बेड र अपस्पतालहरु तयारी हालतमा राख्न पनि उनले निर्देशन दिए । प्रदेश प्रवेश गर्ने ठाउँ राम्दी र आँबुखैरेनीमा हेल्प डेस्क सुरु भइसकेको र अब छिटै नै होल्डिङ सेन्टर सञ्चालनमा ल्याइने पनि मुख्यमन्त्री पोखरेलेको भनाइ थियो । भारतबाट प्रदेश प्रवेश गर्ने त्रिवेणी नाकामा समेत कर्मचारी खटाएर हेल्प डेस्क सुरु भइसकेको छ । बाहिरी मुलुक खासरी भारतबाट गाडीमा यस प्रदेशमा आउनेको संख्या उल्लेख्य रहेकाले उनीहरुको स्वास्थ्य परीक्षण र खोप कार्ड निरीक्षणलाई सरकारले कडाइ गरेको छ । मुख्ममन्त्री पोखरेलले मंगलबार धवलागिरी अस्पताल निरीक्षण गरी त्यहाँको अवस्थाका बारेमा जानकारी लिएका थिए । पोखराका केही अस्पतालहरुले कोभिडका बिरामीको उपचारका नाममा अहिले पनि ठूलो रकम असुल गरिरहेको अनौपचारिक तबरबाट खबर आएको भन्दै महामारीका नाममा कोही कसैले नाफा केन्द्रित कार्य नगर्न अनुरोध समेत गरे । यसका लागि जिल्ला प्रशासन कार्यालयमाफत् अनुगमन गरिने मुख्यमन्त्री पोखरेलको भनाइ थियो ।

कार्यक्रममा प्रदेशका ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले तेस्रो लहरको अवस्था र खोप वितरणको विवरणबारे प्रस्तुती राखेका थिए । सामाजिक, पारिवारिक अनि राजनीतिक गतिविधिका कारण महामारी फैल्याउन ठूलो भूमिका खेलेको भन्दै यसमा रोक लगाउन जरुरी रहेको उनीहरुको भनाइ थियो । मनाङमा अहिले शून्य संक्रमित रहेको र यस अवस्थालाई कायम राख्न सक्दो प्रयास भइरहेको मनाङका प्रजिअ रवीन्द्र आचार्यले बताए । मनाङमा एक्सरे मेसिन बिग्रिए पनि जडान हुन नसकेकोबारे उनले प्रदेश सरकारको ध्यानाकर्षण गराए । यसैगरी लमजुङमा अक्सिजन प्लान्ट मर्मत् गर्नुपर्ने, २ वटा सामुदायिक अस्पतालहरुमा औषधी र अन्य सामग्री प्रदेश सरकारले उपलब्ध गराउनुपर्ने त्यहाँका प्रजिअले जानकारी गराएका छन् । स्याङ्जामा थप अक्सिजन प्लान्ट स्थापनाका लागि बिजुलीको लाइन अभाव रहेको, नाकामा होल्डिङ सेन्टर बनाएको खण्डमा बिरामीलाई घरसम्म पुऱ्याउनका लागि सवारी साधनको व्यवस्था गर्नुपर्ने त्यहाँका प्रजिअ राजुप्रसाद पौडेलले बताए ।

गोर्खाका मठमन्दिरमा नित्यपूजा वाहेक सर्वसाधारणका लागि रोक लगाइएको, डेडिकेटेड बेड, एम्बुलेन्स लगायतको प्रवन्ध मिलाइएको प्रजिअ शंकरहरि आचार्यले बताए । पर्वतमा निशेधाज्ञा जारी गरिएको, मुस्ताङ प्रवेशमा कडाइ गरिएको त्यहाँका प्रजिअहरुले जानकारी गराएका छन् ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले प्रदेश सरकारले जनशक्ति व्यवस्थापनदेखि, होल्डिङ सेन्टर निर्माण, औषधी र उपचारको प्रबन्ध गरिहेको बताइन् । यो महामारी व्यवस्थापनका लागि ३ तहकै सरकार एकाकार भएर लाग्नुपर्ने भन्दै समन्वयका लागि प्रदेश सरकारले काम गरिरहेको उनको भनाइ थियो । प्रदेशका प्रमुख सचिव रवीलाल पन्थले प्रदेशमा थप जनशक्ति परिचालन गरी पिसिआर परीक्षणलाई तीब्र बनाइएको बताए । अब सर्वसाधारण सबैले स्वास्थ्य मापदण्ड अपनाएर दैनिक क्रियाकलाप गर्न उनले सर्वसाधारणसँग आग्रह गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्माले अहिले बिरामीहरु होम आइसोलेसनमा बस्ने क्रम बढेको र उनीहरुलाई टेलिफोनमार्फत् सेवा प्रदान गर्दै आएको जानकारी गराए । स्वास्थ्य निर्देशनालयका निर्देशक खीमबहादुर खड्काले प्रदेशमा कोभिडको अवस्था र रोकथामका लागि सरकारका तर्फबाट गरिएको काम र तयारीका बारेमा जानकारी गराएका थिए । बैठकमा गण्डकीका पालिकाहरुका प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुखसहित सहभागी थिए ।

## गण्डकीमा परीक्षणको आधाभन्दा बढीमा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

गण्डकी प्रदेशमा पछिल्ला केही दिनयता कोरोना सङ्क्रमित बढेका छन् ।

सङ्क्रमित बढ्दै जाने क्रममा बुधबार पछिल्लो २४ घण्टामा थप ७०३ जनामा सङ्क्रमण पुष्टि र एक जनाको निधन भएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका-६ का ८७ वर्षीय पुरुषको जिल्ला अस्पताल लमजुङमा मृत्यु भएको हो ।

यस अवधिमा एक हजार ३०१ जनाको नमूना परीक्षण गरिएकामा ७०३ जनामा सङ्क्रमण पुष्टि भएको निर्देशनालय मातहतको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख नवराज शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार एन्टिजेन परीक्षणबाट ३३८ र पीसीआर परीक्षणमा ३६५ जनामा सङ्क्रमण देखिएको हो । यस अवधिमा निको भएका छन् । गण्डकीमा सबैभन्दा बढी कास्कीमा थप ३६५ जनामा सङ्क्रमण पुष्टि भएको छ । यसैगरी स्याङ्जामा ८५, तनहुँ ८३, गोरखा ५८, नवलपरासी पूर्व ४६, लमजुङ ३०, म्याग्दी १९, बाग्लुङ ११, म्याग्दी पाँच र मुस्ताङमा एक जनामा सङ्क्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

गण्डकी प्रदेशमा हालसम्म ९१ हजार ३५८ जनामा सङ्क्रमण पुष्टि भएको तथा ८७ हजार १४५ जना निको भएको जनाइएको छ । गण्डकीमा हाल सक्रिय सङ्क्रमितको दुई हजार ७८४ जना रहेका छन् ।

## थप ११ हजार ३५२ मा संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

देशभर पछिल्लो २४ घण्टामा थप ११ हजार ३५२ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

यो सङ्ख्या मङ्गलबार देखिएको नयाँ सङ्क्रमितभन्दा एक हजार ९४ ले बढी हो । मङ्गलबार देशभरमा १० हजार २५८ नयाँ सङ्क्रमित पुष्टि भएको थियो । बुधबार कोरोना सङ्क्रमणबाट चार जनाको मृत्यु भएको छ । उपत्यकाका तीन जिल्लामा आज छ हजार ३४३ नयाँ सङ्क्रमित थपिएका छन् । काठमाडौँमा चार हजार ६६६, ललितपुर एक हजार १९ र भक्तपुरमा ५७८ नयाँ सङ्क्रमित थपिएको मन्त्रालयले जनाएको छ । नयाँ सङ्क्रमितमध्ये नौ हजार ५०२ को पीसीआर र एक हजार ८५० को एन्टीजेन विधिबाट परीक्षण गरिएको थियो । पछिल्लो २४ घण्टामा २३ हजार ४० ९ को नमूना परीक्षण गरिएको थियो । १८ हजार ७८ जनाले पीसीआर र पाँच हजार ३३१ ले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यो अवधिमा जम्मा परीक्षणमध्ये औसत सङ्क्रमणदर ५२ दशमलव दुई प्रतिशत छ । हालसम्मको उच्च सङ्क्रमणदर भएको मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले बताउनुभयो । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा २८ र आइसियुमा १६९ जना रहेका छन् । होम आइसोलेशनमा ४६ हजार ५१५, संस्थागत आइसोलेशनमा एक हजार ४१४ गरी आइसोलेशनमा जम्मा ४७ हजार ९२९ रहेका छन् । संस्थागत क्वारेन्टिनमा १२६ रहेका छन् । कोभिड सङ्क्रमण दैनिजक बढिरहेकाले सबै सङ्घसंस्थाले स्वास्थ्य मापदण्ड कडाइका साथ पालना गर्नुपर्ने मन्त्रालयका सहप्रवक्ता डा अधिकारीको भनाइ छ । सभा, सम्मेलन र भेला सकेसम्म 'भर्चुअल' गर्ने र भौतिक उपस्थितिमै गर्नुपरेमा २५ जनासम्म मात्रैको उपस्थितिमा गर्नुपर्ने उहाँले बताउनुभयो । ती कार्यक्रमभन्दा पहिले सबैको परीक्षण गर्ने र खोप लगाएको सुनिश्चित गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्क्रमण रोक्नका लागि सार्वजनिक यातायात, हवाई सेवा, होटल, रेस्टुरेन्टलगायतले मापदण्डको पालना गर्न खाँचो छ ।"

## आन्तरिक उडानमा कडाइ

**रासस**
**काठमाडौं, ५ माघ**

पछिल्ला दिनमा कोरोना भाइरस सङ्क्रमण दर अत्यधिक बढेपछि वायुसेवा सञ्चालक सङ्घ नेपालले आन्तरिक हवाई उडानमा कडाइ गरेको छ । सङ्घले बुधबार सूचना जारी गर्दै हवाईजहाजभित्र स्यानिटाइजरको व्यवस्था गर्नुपर्ने, प्रत्येक उडानपछि हवाईजहाज र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
**काठमाडौं, ५ माघ**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ ।

पेट्रोलियम पदार्थको कारोबारबाट चर्को घाटा बेहोरेको निगमले इन्डियन आयल कर्पोरेशन (आइओस) लाई इन्धन खरिदबापतको रकम अपुग भएपछि डिजेल, पेट्रोल, मट्टितेल र हवाई इन्धनको मूल्यवृद्धि गरेको हो । निगमले बुधबारराति १२ बजेदेखि लागू हुनेगरी डिजले, मट्टितेल र पेट्रोलमा प्रतिलिटर तीन रुपैयाँ तथा आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिर रु पाँच तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको मूल्यमा प्रतिकिलोलिटर १०० अमेरिकी डलर वृद्धि गरेको हो ।

मूल्यवृद्धि भएसँगै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १२२, पेट्रोलको मूल्य १३९, हवाई इन्धन (आन्तरिक)को प्रतिलिटर रु १०६ र हवाई इन्धन (अन्तर र्राष्ट्रियतर्फ) प्रतिकिलोलिटर ९९५ अमेरिकी डलर पुगेको छ । एलपी ग्यासमा अत्यधिक घाटा भए पनि ग्यासको मूल्य यथावत राखिएको निगमले जनाएको छ ।

पेट्रोलियमको मूल्य बढे पनि अझै निगमलाई १५ दिनमा रु एक अर्ब ८८ करोड घाटा हुने प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । निमलाई अझै पेट्रोलमा प्रतिलिटर १० रुपैयाँ ७२ पैसा, डिजेलमा छ रुपैयाँ ३३ पैसा र एलपी ग्यासमा प्रतिसिलिण्डर ६४६ रुपैयाँ १६ पैसा घाटा छ ।

निगमलाई हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर नौ रुपैयाँ ६३ पैसा, अन्तर्राष्ट्रियतर्फ प्रतिलिटर २९ रुपैयाँ तीन पैसा र मट्टितेलमा प्रतिलिटर २२ रुपैयाँ ६४ पैसा नाफा रहेको छ ।

## लमजुङमा कोरोनाबाट एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

लमजुङ स्थित मर्स्याङदी गाउँपालिका ६ का ८७ बर्षीय एक पुरुषको कोरोनाको कारण बुधबार ज्यान गएको छ ।

गत पुष २४ गते कोरोना संक्रमण पुष्टि भएको उनको जिल्ला अस्पताल लमजुङमा उपचारकै क्रममा ज्यान गएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

यो संख्या सहित जमजुङमा कोरोनाबाट हालसम्म ४२ जनाको मुत्यु भएको छ । यसैबिच, गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन नवौं दिनमा कोरोना संक्रमणबाट मुक्त भएका छन् ।

बुधबार उनको पिसिआर परिक्षण गरे पश्चात उनको रिपोर्ट नेटेगिभ आएको उनको सचिवालयले जनाएको छ । विहीबार मन्त्री बराल नियमित काममा फर्किने भएको श्रोतको भनाई रहेको छ ।

## नेपालको चासोलाई संबोधन गर्ने तिब्बत सरकारको आश्वासन

**रासस**
**काठमाडौं, ५ माघ**

चीनको स्वायत्त क्षेत्र तिब्बत सरकारका अध्यक्ष यान जिन हेइले कोभिड नियन्त्रण गर्ने प्रबन्धहरूको पालना गर्दै नेपालको चासोलाई सम्बोधन गर्ने आश्वासन दिनुभएको छ । महावाणिज्यदूत नवराज ढकालले अध्यक्ष यानलाई उहाँको कार्यकक्षमा मङ्गलबार भेटेर नेपाली उत्पादन सतहमार्गबाट तिब्बत ल्याउने, नेपाल जाने मालबाहक सवारी साधनको सङ्ख्या बढाउन तथा सहजीकरणका निम्ति गर्नुभएको आग्रहको जवाफमा उहाँले त्यस्तो आश्वासन दिनुभएको हो । भेटका अवसरमा नेपालमा चिनियाँ लगानी प्रवर्द्धन, समसामयिक र द्विपक्षीय हितका विषका साथै सडक, रेल, प्रसारण लाइनबाट सम्पर्क सञ्जार विस्तार गर्ने सम्बन्धमा महावाणिज्यदूत ढकालले तिब्बत सरकारको ध्यानाकर्षण गराउनुभएको ल्हासास्थित नेपाली महावाणिज्यदूतवासले जनाएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गरी व्यवसाय संचालन गर्न पाउनुपर्छ : बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसन

पोखरापत्र संवाददाता
पोखरा, ५ माघ

कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनले व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने माग सहित जिल्ला प्रशासन कार्यालय कास्कीमा ज्ञापनपत्र बुजाएको छ।

कोभिडका कारण कास्कीमा रहेका व्यायाम व्यवसाय पूर्ण रुपमा बन्द हुदा व्यवसायी मारमा परेको भन्दै आफ्नो व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने माग सहित प्रशासनमा ज्ञापन पत्र बुझाएका छन्। कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनका अध्यक्ष राकेश जोशी नेत्रित्वमा गएको समितिको टोलीले कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलाई सात बुंदे प्रतिबद्धताहरू राखी ज्ञापनपत्र बुझाएको छ।



एसोशिएसनको ज्ञापन पत्र बुज्दै प्रमुख जिल्ला अधिकारी आचार्यले व्यवसायीको पिर मर्का आफुले बुजेको भन्दै माघ १५ पछाडि केहि निर्णय आउने बताउदै यो स्वास्थ्य संकटको बेला केहि समय धैर्य गर्न आग्रह गरे। कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनले खोप लगाएका सदस्यहरूलाई खोप कार्ड अनिवार्य देखाएर मात्र व्यायामशालामा प्रवेश गराउने, एक पटकमा जम्मा २५ जना मात्र प्रवेश गराउने, व्यायामशालामा प्रत्येक सिफ्ट पछि डिसईन्फेक्सन,पुर्णरूपमा सेनिटाईज र सरसफाई गरिने लगाएत कोरोना भाईरस बिरूद्व अपनाउनपर्ने अन्य सावधानीहरू अपनाईने प्रतिबद्वतामा उल्लेख गरिएको छ। कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनले व्यायामलाई मनोरञ्जनको रूपमा नभई स्वास्थ्य जनशक्ति उत्पादन गर्नेर रोग प्रतिरोधात्मक क्षमता बुद्वि गर्ने रूपमा बुझिदिन एसोशिएसनले आग्रह गरेको छ।

व्यवसाय बन्द हुँदा पनि बैंक र घरधनीले घरबहाल लिने गरेको हुदा व्यवसाय वन्द हुँदा निकै मार परेको व्यवसायीको भनाइ छ।

कास्की बडिबिल्डिङ एण्ड फिटनेश एसोशिएसनका अध्यक्ष राकेश जोशीको नेतृत्वमा गएको टोलीमा सचिव नविन आले सह सचिव प्रकाश पौडेल कोषाध्यक्ष मनोज केसी सदस्य दिपक गहतराज लगाए अन्य सदस्यहरूको उपस्थिती रहेको थियो। एसोशिएसनले जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुजाए लगतै युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद परिषद्,जिल्ला प्रहरी कार्यालयमा समेत ज्ञापनपत्र बुजाएको थियो।



उखु पेल्दै महिलाः तनहुँ म्याग्दे गाउँपालिका-३ धयरेमा परम्परागत पद्धतीको प्रयोग गरी उखु पेल्दै महिलाहरु। स्थानीयस्तरमा लगाइएको उखु स्थानीयहरु मिलेर पेल्ने गरेका छन्। तस्वीर : रासस

# प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको उपाधि एपिएफलाई

रासस
काठमाडौं, ५ माघ

प्रधानमन्त्री कप टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ)ले जितेको छ।

कीर्तिपुरस्थित त्रिवि अन्तर र्राष्ट्रिय क्रिकेट मैदानमा आज भएको अन्तिम खेलमा एपिएफले नेपाल पुलिस क्लबलाई २१ रनले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो। यस जीतसँगै एपिएफले रु पाँच लाख प्राप्त गरेको छ। त्यस्तै, दोस्रो स्थान हासिल गरेको पुलिसले भने रु तीन लाख प्राप्त गर्‍यो।

एपिएफले पुलिसलाई जीतका लागि १५८ रनको विजयी लक्ष्य दिएको थियो। जवाफमा पुलिसले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १३६ रनमा समेटियो। पुलिसका लागि दीपेन्द्र सिह ऐरीले सर्वाधिक ६५ रनको योगदान गरे तापनि त्यो जीतका लागि पर्याप्त भएन।

५४ बल खेलेका दीपेन्द्रले तीन चौका र दुई छक्काको मद्दतमा ६५ रनको योगदान दिएका हुन्। त्यसैगरी, दिलीप नाथले २३, आरिफ शेखले १२ तथा अनिल साहले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोर अङ्क जोड्न सकेनन्। गुल्सन झाले ५, रासिद खानले ४, अमृत श्रेष्ठले ३ तथा योगेन्द्र सिंह कार्कीले एक रन जोडे।

एपिएफका किशोर महतोले तीन विकेट लिए भने अविनाश बोहोरा, अमर रौटेला र दीपक बोहराले समान एक/एक विकेट हात पारे। त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको एपिएफले १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १५७ रनको योगफल बनायो। एपिएफका अमर रौटेलाले सर्वाधिक २९ रनको योगदान दिए। उनले १५ बलमा ३ छक्का र २ चौका प्रहार गरे। यस्तै, लोकेश बमले २७ रन जोड्दा सन्दीप जोराले २४ रन बनाए। कप्तान शरद भेषवाकर १९ रन बनाएर आउट भए। भुवन कार्कीले १७ रन जोडे। आसिफ शेखले ९, प्रदीप ऐरीले ७, दीपक बोहराले ६ रन तथा पुरण विक शून्य रनमा आउट भए। त्यस्तै, किशोर महतो ८ रनमा आउट हुँदा अविनास बोहरा १ रनमा अविजित रहे। बलिङतर्फ पुलिसका दीपेन्द्र सिंह ऐरी र सागर ढकालले समान तीन/तीन विकेट लिए भने गुलशन झाले २ विकेट लिए। त्यस्तै, आरिफ शेख र योगेन्द्र सिंह कार्कीले समान एक/एक विकेट झारे।

स`मिफाइनल खेलमा एपिएफले त्रिभुवन आर्मी क्लबलाई ४७ रनले पराजित गर्दै फाइनलमा पुगेको थियो भने पुलिसले बागमती प्रदेशलाई ५० रनले पराजीत गर्दै फाइनल यात्रा तय गरेको हो। गत पुस २६ गतेदेखि सुरुआत भएको उक्त प्रतियोगितामा तीन विभागीय टोली र सात प्रदेश गरी दश टोलीको सहभागिता थियो।

# सरकारसँग औषधि पर्याप्त छ : मन्त्रालय

रासस
काठमाडौं, ५ माघ

सरकारले कोरोना भाइरसको उपचारका लागि आवश्यक पर्ने सबै औषधि उपकरण पर्याप्त रहेको जनाएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोरोना भाइरसको विरुद्ध उपचार गर्ने औषधि र उपकरण पर्याप्त रहेको बताउनुभयो। हाल नेपालमा सिटामोललगायत कुनै पनि औषधिको अभाव नरहेको उहाँको भनाइ छ। उहाँका अनुसार स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखासँग १० लाख र सरकारी फार्मेसीमा एक करोडभन्दा बढी सिटामोल छ।

मन्त्रालयले सिटामोललगायत औषधिको तत्काल अद्यावधिक गर्नका लागि सबै सरकारी अस्पताल, प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई निर्देशन दिइरहेको छ।

"यदि कुनै सरकारी अस्पतालका सिटामोल औषधि कम हुन आएमा नेपाल औषधि लिमिटेडसँगै सिधै सम्झौता गरी खरिद गर्न सकिने छ", उहाँले भन्नुभयो, "सोहीअनुसार औषधि खरिद गरी बिरामीलाई सहज बनाउन हुन सबै सरकारी अस्पताललाई अनुरोध छ।"

यसका साथै स्वास्थ्य सेवा विभागले पनि सिटामोललगायत अन्य अत्यावश्यक औषधिको पनि खरिद प्रक्रिया अगाडि बढाइसकेको उहाँको भनाइ रहेको छ।

ठूला अस्पताल र प्रादेशिक अस्पताललाई पनि अत्याश्यक औषधिको खरिद प्रक्रिया अगाडि बढाउनसमेत मन्त्रालयले अनुरोध गरेको छ।

# औद्योगिक व्यापार मेलाको आन्तरिक तयारीमा पोखरा उवा संघ

पोखरापत्र संवाददाता
पोखरा, ५ माघ

पोखरा उद्योग वाणिज्य संघले आउँदो फागुन १६ गतेबाट तय भएको राष्ट्रिय औद्योगिक व्यापार मेलाको तयारी थालेको छ। संघले फागुन १६ देखि २२ गतेसम्म व्यापार मेलाको मिति तय गरेको छ।

कोभिड-१९ को तेस्रो लहरसँगै प्रशासनले मेला/महोत्सव आयोजनामा रोक लगाए पनि फागुनसम्म स्थिति सहज हुने अनुमानका साथ मेलाको आन्तरिक तयारी अघि बढाइएको संघका अध्यक्ष नारायण कोइरालाले बताए। '२ वर्षदेखि कोभिडका कारण संकुचनमा परेको अर्थव्यवस्थालाई चलायमान बनाउन पनि मेला/महोत्सव आवश्यक छ',उनले भने,' देश सशस्त्र द्वन्द्वमा हुँदा मेला/महोत्सवमार्फत् नै अर्थतन्त्र चलायनमान बनाएको अनुभवलाई हामी यसपटक पनि प्रयोग गर्ने ध्येयले पनि तयारी थालिएको हो।' उनले द्वन्द्वकालीन समयमा २० जना मान्छे एकैठाउँमा भेला हुन बन्देज लगाइएको परिस्थितिको स्मरण गर्दै अगाडि थपे,'संकटको बेला अर्थतन्त्र संकुचनमा पर्छ र त्यसलाई चलायमान बनाउन मेला/महोत्सव आवश्यक पर्छ।' यद्यपि, महामारी साम्य नभएमा भने स्वास्थ्यजस्तो संवेदनशील विषयलाई हामी नजरअन्दाज नगर्ने उनले प्रष्ट पारे। उनले स्थिति सहज भए यो पटकको मेला विशुद्ध उद्यमशीलताप्रति समर्पित हुने उद्घोष पनि गरे।

'हामी यो पटकको मेलालाई विशेष बनाउने योजनामा छौं',उनले भने,'मेला नवप्रवर्तन,उद्यमशीलता विकास तथा पोखरा र गण्डकी प्रदेशमा नयाँ सम्भावनाको खोजीमा समर्पित रहने छ।' संघका महासचिव सुरेन्द्रमान विजुक्छेका अनुसार मेलालाई उपलब्धीमूलक बनाउन विज्ञहरुसँग छलफल सुरु गरिएको छ। स्वास्थ्य क्षेत्रका विज्ञहरुले संक्रमण बिस्तारै घट्ने आँकलन गरिरहेकाले फागुनसम्म मेलाको अनुमति पाइएला भनेर नै तयारी अगाडि बढाइएको पनि उनले बताए। अहिले भने संघले उद्योगी/व्यवसायीहरुलाई स्वास्थ्य मापदण्ड पालनासहित व्यवसाय गर्न आग्रह गरेको उनले स्मरण गरे।

# गाउँको विकासका लागि समानुपातिक बजेट : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
बागलुङ, ५ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गाउँको विकासका लागि समानुपातिक बजेट विनियोजन गर्ने योजनामा प्रदेश सरकार रहेको बताउनुभएको छ। उहाँले कोरोना भाइरस सङ्क्रमणविरुद्धको अभियानमा सबै जुटेर लाग्नुपर्ने बताउनुभयो।

नेपाली कांग्रेस बागलुङले मङ्गलबार आयोजना गरेको भेटघाट कार्यक्रममा मुख्यमन्त्री पोखरेलले अघिल्लोसरकारलेबजेटल्याएकाले केही स्थानमा धेरै र केहीमा थोरै विनियोजन भएको पाइएको उल्लेख गर्दै आगामी दिनमा समानुपातिक बजेट विनियोजन गरिने बताउनुभयो। आफ्नो नेतृत्वको सरकार परिस्थितिले निम्त्याएको हुँदा सोचेअनुसार काम हुन नसकेको र आगामी वर्ष सबै क्षेत्रलाई समेट्ने गरी बजेट ल्याउने उहाँको भनाइ थियो। बागलुङको सर्वसिद्धिधाम पञ्चकोटको अवलोकनसमेत गर्नुभएका मुख्यमन्त्री पोखरेलले त्यसको विकासका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने बताउनुभयो। कोरोनाको तेस्रो लहरबाट बच्न सबै नागरिक सचेत हुन उहाँले आग्रह गर्दै केही महिनाभित्र सबैलाई कोरोनाविरुद्धको खोप लगाइने बताउनुभयो।

## आन्तरिक...

व्यागेज निसङ्क्रमित गनुपर्ने, चेक इन बोडिङ क्लेम गर्ने स्थान तथा प्रतीक्षालयमा भीडभाड नगर्ने, अनिवार्य रूपमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने र हवाईयात्रुले विमानस्थल प्रवेश गर्दा कोभिड-१९ विरुद्धको खोप लगाएको काड वा फोटो बोक्नुपर्नेजस्ता व्यवस्था गरेको छ।

सङ्घको बुधबार बसेको कार्यसमिति बैठकले कोरोना नियन्त्रणका लागि उक्त निर्णय गर्दै सूचना सार्वजनिक गरेको हो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

**सम्पर्क:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)


फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# चुनावबाट भाग्न नखोज

संविधान र कानुनले पालना गर्न भनेर बनेको पाँच दलीय गठबन्धनले स्थानीय तहको निर्वाचनको मिति घोषणामा आलटाल गरेको छ । स्थानीय तहको निर्वाचनको लागि १२० दिन चाहिने निर्वाचन आयोगको अनुरोध छासरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति घोषणा हुन्छ । जेठ ५ मा कार्यकाल सकिन लागेका स्थानीय तहको निर्वाचनको मिति घोषणा नहुनु निर्वाचनबाट भाग्नु हो । निर्वाचन हुनुलाई प्रतिगमन र निर्वाचन नगरी भागबन्डा गर्नु अग्रगमन भन्ने भाष्य विकास गरेको गठबन्धनले निर्वाचनलाई पर पर धकेल्न खोज्दैछ । निर्वाचन आयोगले जनप्रतिनिधि खाली राख्ने परिकल्पना नगरेको सम्झाएको छासंविधान र कानुनले स्थानीय तह रिक्तताको परिकल्पना नगरेको बुझेर पनि आलटाल गर्नु, नियत खराबी पनि जनप्रतिनिधिहरूको पदावधि सकिने दिन नजिकिँदै जाँदा सत्तारूढ दलहरूले स्थानीय चुनावको मिति तोक्न अझै आलटाल गरिरहेका छन् ।

सत्ता गठबन्धनको उच्चस्तरीय राजनीतिक समन्वय समितिको मंगलबार बसेको बैठकले वैशाखमा चुनाव गर्ने सहमति जनाएको भनेर प्रचार गरे पनि गठबन्धनमा भित्र भित्र निर्वाचन मिति जसरी पनि पछि धकेल्ने रणनीति बन्दै गरेबो बताइन्छ । विशेष स्रोतका अनुसार गठबन्धनमा आवद्धदलहरु अझै पनि कानुनको क्षिद्रमा टोकेर स्थानीय तहको निर्वाचनलाई पर धकेल्ने दाउँमा छन् । आफ्नो सत्ता स्वार्थका लागि उनीहरू संविधान र स्थानीय तह निर्वाचन ऐन २०७३ मा फरक-फरक व्यवस्था रहेका कारण कानुनलाई अध्यादेश मार्फत परिवर्तन गर्ने चोरबाटो बारे छलफलमा छन् । संविधानको धारा २२५ मा गाउँसभा र नगरसभाको कार्यकाल समाप्त भएको ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका जनप्रतिनिधिको पदावधि आगामी जेठ ५ मा सकिँदै छ । यही व्यवस्थाका लागि कानुन बाधक बनेपछि गठबन्धन सम्बद्धदलहरु कानुन परिवर्तन गर्ने दाउँमा छन् ।

स्थानीय तह रिक्त हुँदा नगरपालिकाका प्रमुख, गाउँपालिकाका अध्यक्ष र स्थानीय तहका वडा अध्यक्षले गर्ने सबै सिफारिसलगायत महत्वपूर्ण कार्य ठप्प भई सेवा प्रवाह प्रभावित हुने भन्दै जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले पनि सरकार र निर्वाचन आयोगको ध्यानाकर्षण गराएका छन् । आयोगले सकेसम्म एकै चरणमा ९ वैशाख १४० र सम्भव नभए दुई चरणमा ९ वैशाख १४ र २२० चुनाव गर्न सकिने सुझावसहित मिति प्रस्ताव गरेको छ । खर्चमा मितव्ययिता हुने, सुरक्षा व्यवस्थापन सहज हुने, समग्र निर्वाचन व्यवस्थापनमा सहज हुने, मतदाता शिक्षा सामग्रीमा एकरूपता हुने, एक ठाउँको परिणामले अर्को ठाउँमा प्रभावित नपार्नेजस्ता कारणले एकै दिन र एकै चरणमा चुनाव गर्नु राम्रो हुने आयोगको सुझाव छ ।

संविधान र कानुनले पालना गर्न भनेर बनेको पाँच दलीय गठबन्धनले स्थानीय तहको निर्वाचनको मिति घोषणामा आलटाल गरेको छास्थानीय तहको निर्वाचनको लागि १२० दिन चाहिने निर्वाचन आयोगको अनुरोध छ । सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति घोषणा हुन्छ । जेठ ५ मा कार्यकाल सकिन लागेका स्थानीय तहको निर्वाचनको मिति घोषणा नहुनु निर्वाचनबाट भाग्नु हो । कार्यकाल समाप्त भएपछि स्थानीय तह सञ्चालन कसरी गर्ने भन्ने विषयमा कुनै स्पष्ट संवैधानिक र कानुनी व्यवस्था छैन । स्थानीय तह निर्वाचन ऐन, २०७३ मा स्थानीय तहका सदस्यको निर्वाचन गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि गर्नुपर्ने व्यवस्था छ । निर्वाचन आयोगले शुक्रवार बोलाएको सर्वदलीय बैठकमा स्थानीय तहको चुनाव समयमै नभए पर्न सक्ने असरबारे छलफल भएको थियो ।

आयोग पदाधिकारी र छलफलमा सहभागी कतिपय दलका नेताका अनुसार संविधान तथा कानुनले जनप्रतिनिधिको रिक्तता परिकल्पना नगरेको र स्थानीय तहको कार्यभार प्रदेश वा संघीय सरकारले सञ्चालन र व्यवस्थापन गर्ने संवैधानिक एवं कानुनी प्रावधान नभएका हुनाले वैशाखभित्रै स्थानीय चुनाव गराउनुपर्नेमा जोड दिएका थिए । विगतमा पनि स्थानीय निकायको निर्वाचन नगराएको र एक वर्ष म्याद थप्न सकिने ब्यवस्था हुँदाहुँदै जनप्रतिनिधि विहीन बनाउने काम प्रधानमन्त्री शेर बहादुर देउवाले गरेका थिए ।जस्को आग्रहमा जनप्रतिनिधिविहीन बनाउने काम भएको थियो अहिले पनि उनीहरू नै सरकारमा रहेको हुँदा काङ्ग्रेस भित्रबाट चर्को दबाब नपरेमा फेरि लोकतन्त्रलाई भड्खालोमा हाल्ने काम हुनेछ ।

आयोगले सकेसम्म एकै चरणमा २०७९ बैशाख १४ गते सम्भव नभए दुई चरणमा २०७९ वैशाख १४ र २२ गते चुनाव गर्न सकिने सुझावसहित मिति प्रस्ताव गरेको छ । खर्चमा मितव्ययिता हुने, सुरक्षा व्यवस्थापन सहज हुने, समग्र निर्वाचन व्यवस्थापनमा सहज हुने, मतदाता शिक्षा सामग्रीमा एकरूपता हुने, एक ठाउँको परिणामले अर्को ठाउँमा प्रभावित नपार्नेजस्ता कारणले एकै दिन र एकै चरणमा चुनाव गर्नु राम्रो हुने आयोगको सुझाव छ । गठबन्धनले निर्वाचनको मिति घोषणा गर्न सरकारलाई आग्रह गरेमा जनताको अधिकार प्राप्तिको आन्दोलनलाई सघाउ पुग्नेछ ।

# वालिङका वडावडामै योजना सम्झौता

**पोखरापत्र संवाददाता**

**वालिङ ५ माघ**

स्याङ्जाको वालिङ नगरपालिकाले वडाबाटै योजना सम्झौता गरिदिएपछि उपभोक्तालाई सहज भएको छ ।

वालिङ नगरपालिकाको कार्यालयबाट विनियोजन भएका नगरस्तरीय योजना र वडाबाट छनोट भएका वडास्तरीय योजनाको सम्झौता सम्बन्धित वडाबाटै गरिएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिनुभयो । "नगरले छनोट गरेका र वडाले छनोट गरेका योजनाको एकैदिन सम्बन्धित वडाबाटै सम्झौता गरिएको छ", उहाँले भन्नुभयो, "प्रमुख प्रशासकीय अधिकृत, योजना शाखाका कर्मचारी, इञ्जिनीयर नगरपालिकाबाट वडामा जाने र सम्बन्धित वडाध्यक्ष, सचिव तथा छनोट भएका योजनाका उपभोक्ता समितिका पदाधिकारीकाबीच कार्य सम्झौता गरिएको छ ।" एकैदिन सम्झौता गर्दा काम समयमै र छिटोछरितो सम्पन्न गर्न सकिने, उपभोक्ता समितिलाई सहज हुने, योजना सम्झौताका लागि नगरपालिका कार्यालयसम्म धाइरहनुपर्ने अवस्थाको अन्त्य हुने र सही उपभोक्ता पहिचान गर्नमा सघाउ पुग्ने मुख्य उद्देश्यले वडावडामै योजना सम्झौतालाई अभियानकोरूपमा अगाडि बढाइएको उहाँले बताउनुभयो । "सरोकारवाला सबै वडामै भेला भएर आ-आफ्नो योजना सम्झौता गर्न सकिने भएकाले उपभोक्तालाई सहज हुन्छ", उहाँले भन्नुभयो, "यो एकप्रकारको घुम्ती सेवा जस्तै हो, उपभोक्ता समितिले योजना सम्झौतापश्चात अन्तिममा काम सकेर भुक्तानीका लागि मात्रै नगरपालिका कार्यालयमा आए पुग्छ, एउटै कामका लागि पटक-पटक आइरहनुपर्दैन ।"

चालु आर्थिक वर्षदेखि लागू हुने गरी वडावडामै पुगेर योजना सम्झौता अभियान थालिएको हो । चालु आर्थिक वर्षमा वालिङ नगरपालिकामा नगरस्तरीय ८५ र वडास्तरीय ४७६ योजना तथा कार्यक्रम रहेको योजना शाखाका प्रमुख ज्ञानप्रसाद पाण्डेले जानकारी दिनुभयो । १४ वटा वडा रहेको नगरपालिकाका हालसम्म १० वटा वडामा सम्झौता गर्ने कार्य सकिएको छ भने बाँकी रहेका वडामा सम्झौता अन्तिम प्रक्रियामा रहेको पाण्डेले बताउनुभयो । नगरपालिकाले चालु आर्थिक वर्षका लागि पुँजीगत र चालु गरी कूल रु ९३ करोड ५७ लाख ५८१ बजेट विनियोजन गरेको छ । वालिङ नगरपालिकाले योजनाको सुरुआतदेखि सम्पन्न हुँदासम्मका सबै प्रक्रियालाई एकीकृत गरी योजनापुस्तिका प्रकाशन गरेकाले थप सहजता भएको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्यलाई सरलीकरण र सहभागितामूलक रूपमा सञ्चालन गर्न खरिद ऐन २०६३ नियमावली २०६४ तथा नगरपालिकाको उपभोक्ता समितिकार्य सञ्चालन कार्यविधि २०७४ अनुसार नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्य सञ्चालन कार्यविधि २०७८ को प्रावधानलाई समेटेर योजना पुस्तिका निर्माण गरेको नगरपालिकाले जनाएको छ ।

# कोरोनाका कारण मनकामना मन्दिर प्रवेशमा रोक

**पोखरापत्र संवाददाता**

**गोरखा, ५ माघ**

गोरखाको मनकामना मन्दिरमा आगामी शुक्रबारदेखि भक्तजन प्रवेशमा रोक लगाइने भएको छ ।

देशभर तेस्रो लहरको कोरोना सङ्क्रमण बढ्दै गएपछि सङ्क्रमण फैलन सक्ने जोखिमलाई ख्याल गर्दै मन्दिर प्रवेशमा रोक लगाउने निर्णय गरिएको हो । कोरोना तीव्ररूपमा फैलिएपछि भक्तजनका लागि पूजाआजामा रोक लगाउने निर्णय गरिएको मनकामना क्षेत्र विकास समितिका अध्यक्ष रामकुमार जोशीले जानकारी दिनुभयो । समितिको मङ्गलबार बसेको बैठकले मन्दिरमा शुक्रबारेदखि नित्य पूजाबाहेक अन्य सबै पूजाआजा बन्द गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । "कोरोना सङ्क्रमण दर दिनानुदिन बढ्दो छ", जोशीले भन्नुभयो, "पूजाआजाका लागि भक्तजनको भीड हुने भएकाले सङ्क्रमण फैलने डरले पूजाआजामा रोक लगाउने निर्णय गरिएको हो ।" माघ मसान्तसम्म मन्दिरमा सर्वसाधारणका लागि पूजाआजा गर्न रोक लगाउने निर्णय भएको उहाँले बताउनुभयो । बन्दको समयमा आउने भक्तजनले मन्दिरको रेलिङ बाहिरैबाट पूजा गरेर फर्कनुपर्ने छ । "शुक्रबारदेखि जोकोहीले पनि मन्दिर बाहिरको बारबाट मात्र पूजाआजा गर्न पाउनेछन्", उहाँले भन्नुभयो, "मन्दिरभित्र पसेर पूजा गर्न पूर्णरूपमा रोक लगाइनेछ ।"

मनकामनामा अहिले दैनिक पाँच हजारभन्दा बढी भक्तजन दर्शनका लागि आउने गरेको मन्दिरका मूल पुजारी इन्सानबहादुर थापाले जानकारी दिनुभयो ।

# बेनी अस्पतालमा आइसीयूसहितको बालबालिका उपचार कक्ष

**पोखरापत्र संवाददाता**

**म्याग्दी, ५ माघ**

म्याग्दी सदरमुकामस्थित बेनी अस्पतालमा आइसीयू (सघन उपचारकक्ष)सहितको बालबालिका उपचार कक्ष स्थापना गरिएको छ ।

गण्डकी प्रदेश सरकारको सहयोगमा पूर्वाधार र उपकरण जुटाएर मङ्गलबारदेखि उक्त कक्ष सञ्चालनमा ल्याइएको हो ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले आइसीयूसहित आठ शय्या क्षमताको उक्त उपचार कक्षमा सेवा सुरु भएको जानकारी दिनुभयो।"यसअघिअन्यउमेरसमूहकै बिरामीसँगै राखेर बालबालिकाको उपचार हुँदै आएको थियो ", उहाँले भन्नुभयो । बालबालिकाको उपचारलाई प्रभावकारी र व्यवस्थित गर्न तथा हेरचाहमा सहजता लागि सो कक्ष सञ्चालनमा ल्याइएको हो । यसअघि अस्पतालमा बालबालिकालाई न्यानो बनाउने 'वार्मर कक्ष' मात्र थियो । बालबालिका वार्ड सञ्चालनका लागि गत आर्थिक वर्षमा प्रदेश सरकारले विनियोजन गरेको रु ३८ लाखमा भवन निर्माण गरिएको हो । भवन बनाउन रु ५६ लाख बजेट विनियोजन भएको थियो । आइसीयूका सामान खरिद र जडान गर्न रु दुई करोड ६१ लाख खर्च भएको छ । विसं २०७२ मा १५ बाट ५० शय्या क्षमतामा स्तरोन्नति भएको बेनी अस्पतालले पछिल्ला केही वर्षयता उपकरण र उपचार सेवा थप गर्दै लगेको छ । अस्पतालले आकस्मिक, बहिरङ्ग, कोभिड, बालबालिकासहित ६४ शय्या बराबरको सेवा दिइरहेको प्रमुख चिकित्सक डा जितेन्द्र कँडेलले बताउनुभयो ।

यसअघि अस्पतालले इन्डोस्कोपी, सघन उपचारकक्ष, डायलाइसिस, शय्यामै पाइपबाट अक्सिजन आपूर्ति गर्ने सुविधासहितको अक्सिजन पलान्ट, आँखा उपचार, दाँत उपचार, आफ्नै फार्मेसी, शल्यक्रियामार्फत गरिने प्रसूति सेवा उपलब्ध गराउँदै आएको थियो । म्याग्दीका साथै पर्वत र बागलुङका नागरिकले पनि बेनी अस्पतालबाट सेवा लिने गरेका छन् । निर्माणाधीन ५० शय्या क्षमताको भवनले पूर्णता नपाउँदा र दरबन्दीअनुसार चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु बेनी अस्पतालको चुनौती बनेको छ ।

# सुन्तला बेचेर दोसल्लेमा पचास लाख भित्रियो

**पोखरापत्र संवाददाता**

**म्याग्दी, ५ माघ**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसानले सुन्ताला बिक्रीबाट यसवर्ष रु ५० लाखभन्दा बढी रकम भित्रियाएका छन् ।

व्यावसायिक सुन्तला खेती गर्दै आएका दोसल्लेका किसानले उत्पादन गरेका सुन्तला बिक्रीबाट यस वर्ष रु ५० लाखभन्दा बढी रकम भित्रियाएका हुन् । पोखरा, चितवन र काठमाडौँबाट आएका व्यापारीले बगैँचाबाटै प्रतिकिलो सरदर रु ८० का दरले सुन्तला खरिद गरेका हुन् । दोसल्ले व्यावसायिक सुन्तलाजात किसान समूहका अध्यक्ष प्रेमबहादुर पाइजाले ६२ हजार ५०० किलो सुन्तला निकासी हुँदा रु. पचास लाख गाउँमा भित्रिएको जानकारी दिनुभयो । "गतवर्ष रु २५ लाख बराबरको सुन्तला बिक्री भएको थियो", उहाँले भन्नुभयो "नयाँ बिरुवा थपिएका, रोगकीराको समस्या कम र अनुकूल मौसमका कारण उत्पादन दोब्बरले बढ्यो ।" विगतका वर्ष मङ्सिर महिनामै सुन्तला बिक्री गरिसकेका हुन्थ्ये । यसपाली बढी मूल्य पार्नका लागि यहाँका किसानले पुसको अन्तिम सातादेखि सुन्तला टिपेर बजार पठाउन थालेका छन् । एक जना किसानले रु तीस हजारदेखि रु दुई लाख तीस हजारसम्मको सुन्तला बिक्री गरेका समूहले जनाएको छ । व्यापारीसँग समन्वय गरेर सुन्तला बजार पठाउन समूहले समन्वय गरेको थियो । ५७ घरधुरीको बसोबास रहेको दोसल्ले गाउँभरी सुन्तलाखेती भएको छ । पन्ध्र हजार बोटमध्ये करिब आठ हजार बोटबाट उत्पादन हुन थालेको छ । परम्परागत कोदो, मकै र गहुँ खेतीको विकल्पमा सुन्तला खेती गरेको किसान खगप्रसाद पाइजाले बताउनुभयो । वर्षमा तीन मुरी कोदो फल्ने बारीमा लगाएको सुन्तलाबाट रु पचास हजार भन्दा बढी आम्दानी भएको उहाँले बताउनुभयो । सडक यातायातको सुविधा भएपछि बाँझिएका पाखो बारीमा झाडी फाडेर सुन्तलाका बिरुवा रोप्ने अभियान चलाएका छन् । दश वर्षअघि स्थानीयवासी मिलन गर्बुजाको अगुवाइमा दोसल्लेलाई सुन्तला गाउँ बनाउने अभियान सुरु भएको थियो । भीरालो पाखोमा अवस्थित दोसल्लेको भूगोल सुन्तला खेतीका लागि अनुकूल रहेको कृषि ज्ञान केन्द्र म्याग्दीका कृषिप्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो । दोसल्लेमा सुन्तलाखेती विस्तारका लागि नयाँ बिरुवा वितरण, किसानलाई बगैँचा र कीरा व्यवस्थापनसम्बन्धी स्थलगत तालिममा सहयोग गरिएको उहाँले बताउनुभयो । बेमौसममा सुन्तला बिक्री गर्नका लागि दोसल्लेमा तत्कालीन कृषि विकास कार्यालयको सहयोगमा सुन्तला भण्डार गृहको भवनसमेत निर्माण भएको थियो । दोसल्लेका बासिन्दासमेत रहेकी अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष केशमाया मगरले सिँचाइ सुविधा र थप जमिनमा सुन्तलाखेती विस्तारमा जोड दिएको बताउनुभयो ।


# सूचना । सूचना ।। सूचना ।।।

**पूर्ण फर्निचर उद्योग पोखरा महा( नगरपालिका–१५, रामबजार स्थित कि.न. २६१, क्षे.फ. २४८०.०० मा माधव गौतमको जग्गामा सर्ने भएको हुदाँ उक्त ठाउँको सर्जमिन मुचुल्का उठाई सकेको हुँदा उक्त ठाउँको अन्य तपाई साँधसधियारा, विद्यालय, अस्पताल तथा अन्य वातावरणीय प्रदुर्षण हुन्छ/हुँदैन ? कुनै बाधा भए यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले १५ भित्र घरेलु तथा साना उद्योग कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।**

# गण्डकी विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालनको वातावरणीय प्रभाव मूल्याङ्कन तयारी सम्बन्धी सार्वजनिक सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/०६)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२, स्यालटहरो तथा मालेपाटनमा गण्डकी विश्वविद्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गण्डकी विश्वविद्यालय<br>गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ०७, मुस्ताङचोक |
| प्रस्तावको व्यहोरा | गण्डकी विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला /महानगरपालिका | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.३२ |

उपरोक्त प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका,३२ नं वडा कार्यालय, पोखरा, कास्की, नेपाल
२. श्री गण्डकी विश्वविद्यालय, गण्डकी प्रदेश, कास्की, पोखरा महानगरपालिका वडा नं. ०७, मुस्ताङ्चोक
फोन नं. ९७७-६१४६०२५२, ईमेलः info@gandakiuniversity.edu.np
३. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं
फोन नः ९८४१५३१५८२, इमेलः geec.nepal@gmail.com


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मानसिक तनाब |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : मन चञ्चल |
| कर्कट | : कार्यमा सफलता | मकर | : झमेला बड्ने |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सामुदायिक वन महासंघ : अधिकार सुनिश्चितताको माग

–हरि बास्तोला

पोखरा, ५ माघ (रासस)

सामुदायिक बनको माध्यमबाट मुलुकलाई विश्वसामु परिचत गराउन सफल सामुदायिक बन महासंघ यतिखेर भने बन उपभोक्ताको अधिकार सुनिश्चितताको माग गर्दै आन्दोलित भएको छ।

वन नियमावलीमा ऐनसँग समेत बाझिने गरि उपभोक्ताको अधिकार कटौती गरिएको भन्दै सामुदाजिक वन उपभोक्ता महमासंघ नेपालले सरकारसँग बिभिन्न ११ बुँदे माग सहित एक महिने आन्दोलनको घोषणा गरेको हो । सामुदायको अधिकार कटौती गर्ने गरि तयार गरिएको वन नियमावली २०७८ को मसौदा, प्रदेश वन ऐन र संरक्षित बन क्षेत्र बिस्तार, तेहेरो कर र बन पैदावार सदुपयोगमा लगाएको प्रतिबन्धको विरुद्धमा देशव्यापी आन्दोलन घोषणा गरिएको सामुदायिक बन उपमोक्ता महासंघका केन्द्रीय अध्यक्ष भारती पाठकले जानकारी दिनुभयो।

उहाँका अनुसार बन नियमावलीको मसौदामा बन ऐन २०७६ विपरित र सामुदायिक वनको अधिकारमा गम्भिर आधात पुग्ने गरि ल्याइएका सम्पूर्ण व्यवस्था खारेजीको माग आन्दोलनको मुख्य लक्ष्य छ।

बन ऐन २०७६ कार्यान्वयका लागि तर्जुमा गरिएको बन नियमावलीको मस्यौदा उपर विगत लामो समयदेखि छलफल गरि भएका सहमतिको आधारमा अघि बढ्नुको विकल्प नरहेको बताउँदै उहाँले संघीय बन नियमावलीको मसौदा र प्रदेश बन ऐनहरूमा समावेश गरिएका सामुदायिक बन विरोधी व्यवस्था हटाई तत्काल सुधार गर्नुपर्ने आवश्यकता औल्याउनुभयो। "सामुदायिक बनको अवधारणाले नै अहिले मुलुकमा हरियाली प्रवर्द्धनमा सफल भएको छ" उहाँले भन्नुभयो,"वन ऐन २०७६ को दफा १८(१) मा सामुदायिक बन उपभोक्ता समुहले आफुले संरक्षण गरेको बन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण र बिक्री वितरण गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न आवश्यक छ।" उपभोक्ताको अधिकारलाई कुण्ठित गर्ने गरि बन नियमावली २०७८ को नियम २३ मा सामुदायिक बन उपभोक्ता समूहले ५० प्रतिशत काठ जिल्ला बन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्ने व्यवस्थाको विरोधमा महासंघ आन्दोलन गर्न बाध्य भएको बताउँदै अध्यक्ष पाठकले ऐनसँग बाझिने र सामुदायिक वन उपभोक्ता समूहको अधिकार कटौती गर्ने गरि ल्याईएकोले उक्त व्यवस्थाको खारेज गर्नु पर्नेमा जोड दिनुभयो।

नियमावली तर्जुमा गर्दा सम्बन्धित ऐनले परिकल्पना नगरेका र सरकारलाई अधिकार प्रत्यायोजन नगरेका बिषयमा नियमावलीका माध्यमबाट नयाँ संस्थागत संरचना निर्माण गर्न नमिल्ने स्पष्ट हुँदाहुँदै पनि ऐनले परिकल्पना नगरेका विषयमा जिल्ला बन पैदावार आपूर्ति समिति, परानो काठ दाउरा व्यवस्थापना समिति, खोजिमपूर्ण रुख व्यवस्थापन , जिल्ला बन समन्वय समिति, जिल्ला वन सुरक्षा समन्वय लगायतका बिभिन्न १५ वटा सामुदायिक बन उपभोक्ता समूहको अधिकार कटौती गर्नेगरी नियमावलीमा समावेश गरिएका गैरकानूनी संस्थागत संरचना सम्बन्धी व्यवस्था नियमावलीको मस्यौदाबाट हटाउन माग गरिएको छ। वन ऐन २०७६ को दफा १८ र ३४ मा उपभोक्ता समुहले सामुदायिक बनको कार्य योजनामा निर्दिष्ट गरिएका वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाउने विद्यमान व्यवस्थालाई कार्यान्वयन गरिनु पर्नेमा जोड दिँदै उहाँले सामुदायिक काठको उपयोग एवम् पर्यापर्यटन विकासको माध्यमबाट मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै रोजगारी सिर्जना कानूनी सहजताको खाँचो औल्याउनुभयो।

काठ समूह बाहिर निकासी गर्दा बन कार्यालयमा दर्ता रहेको उपभोक्ता समूहको टाँचा लगाई ओसार पसार गर्ने व्यवस्था रहँदै आएकोमा बन नियमावलीको मस्यौदा (नियम ५०) मा वन कार्यालयको समेत टाँचा लगाउनु पर्ने भनी दोहोरो टाँचाको व्यवस्था खारेज गर्नुपर्नेमा महासंघको माग छ। सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम समूहभित्रका घरधुरी सदस्यलाई आन्तरिक रुपमा बन पैदावार वितरण गर्नका लागि वन पैदावार संकलन गर्दा पनि प्रत्येक पटक वन कार्यालयसँग पटके अनुमतिपत्र लिनु पर्ने, ढलापडा काठ संकलन गर्न प्रदेश मन्त्रायल, प्रदेश वन निर्देशक र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस र सहमति लिनु पर्ने, ढलापडा रुख संकलन गर्न प्रत्येक पटक सामुदायिक वनको कार्ययोजना संशोधन गर्नु पर्ने जस्ता अत्यन्त अव्यावहारिक, असम्भव, अनुचित र हतोत्साहन गर्ने खालका व्यवस्थाको खारेज गरियोस मागमा उल्लेख छ।

माग पत्रमा भनिएको छ, वन ऐन २०७६ को दफा ४३ मा राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उक्त दफामा तोकिएका सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ संकलनका लागि मात्र वन क्षेत्र प्रयोग गर्न पाइने व्यवस्था भएकोमा सो को विपरित वन निमयावली २०७८ को मसौदाको नियम १०५ र १०६ मा वन क्षेत्रबाट सबै प्रयोजनका लागि सबै किसिसका खनिज पदार्थ उत्खनन गर्न पाइने व्यवस्था गरिएकोले उक्त व्यवस्था वन ऐन २०७६ विपरित हुनुका साथै यसबाट तिब्र रुपमा सामुदायिक वन समेत विनास हुने भएकोले उक्त नियम १०५ र १०६ मा गरिएका व्यवस्था हटाई दफा ४३ बमोजिमको व्यवस्था कार्यान्वयनका लागि आवश्यक पर्ने व्यवस्था मात्र समावेश गरियोस्।

वन ऐन २०७६ को दफा ४४ मा वन व्यवस्थापन कार्ययोजना बमोजिम वातावरणीय सेवाको व्यवस्थापन गर्न पाउने व्यवस्था गरिएकोमा वन नियमावली २०७८ को मस्यौदाको नियम ११० मा वातावरणीय सेवाको व्यवस्थापन डिभिजन बन अधिकृतले मात्र गर्न पाउने व्यवस्था गरिएकोले यसबाट वातावरणीय सेवाको व्यवस्थापन गर्ने सामुदायिक बन उपभोक्ता समूहको अधिकारमा आघात पर्ने भएकोले उक्त व्यवस्था हटाई सामुदायिक वन उपभोक्ता समूहले वन ऐन २०७६ बमोजिम वातावरणीय सेवा व्यवस्थापन गर्न पाउने व्यवस्थाको सुनिश्चतताको लागि जोड दिइएको छ।

नेपालको संविधानको धारा ६०(१) विपरित सामुदायिक बन उपभोक्ता समूहले २५ प्रतिशतसम्म कर बुझाउनु पर्ने बन पैदावार सरकारी निकाय वा सरकारी उद्योगलाई उपलब्ध गराउनु पर्ने, सरकारी निकायको अनुमती विना कुनै पनि काम गर्न नपाइने, संरक्षित क्षेत्र विस्तार गर्न सकिने र उपभोक्ता समूहको स्वायत्तता समाप्त गर्ने गरी सामुदायिक बन विरोधी र संघीय बन ऐन २०७६ सँग बाझिने विभिन्न व्यवस्था प्रदेश वन ऐनहडबाट तत्काल हटाउन जोडदार माग गरिएको छ।

प्राकृतिक स्रोत व्यवस्थापनको सन्दर्भमा नेपालको संविधानको मर्म र भावना विपरित र जैविक विविधता महासन्धि १९९२ विपरित रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, वातावरण संरक्षण ऐन २०७६ र वन ऐन २०७६ बमोजिम भनी सामुदायिक वनको अस्तित्व र अधिकार नै समाप्त हुनेगरी नेपाल सरकार र कतिपय प्रदेश सरकारहरुले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्र, वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्र जस्ता विभिन्न नामधारी संरक्षित क्षेत्रहरु घोषणा र विस्तार गर्ने कार्य गरिएकोले यस्तो कार्य तत्काल रोकिनुपर्ने अध्यक्ष पाठकद्धारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ। नेपाल सरकार र कतिपय प्रदेश सरकारहरुले समेत सामुदायिक वनको अस्तित्व समाप्त हुने गरी संरक्षित क्षेत्रहरु (निकुञ्ज, आरक्ष, मध्यवर्ति क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र र वन संरक्षण क्षेत्र) को घोषणा र विस्तार गरिदै आएको, सामुदायिक वनमा निरन्तर रुपमा तेहेरो कर लगाउँदै वन पैदावार संकलन, उपयोग र ओसार पसारमा रोक लगाएकाले देशभरीका सामुदायिक बन उपभोक्ता समूहहरुको अधिकार सुनिश्चितताको लागि दवावमुलक अभियान सञ्चालन गरिएको बताउँदै अध्यक्ष पाठकले देशभरीको सामुदायिक बन उपभोक्ता समूह र सम्बन्धित स्थानीय समुदायको बैधानिक र शान्तिपूर्ण मागलाई सम्बोधन नगरी सरकारले सामुदायिक वनका सन्दर्भमा प्रतिगमनतर्फको बाटो रोजेको हुँदा पहिलो चरणमा शान्तिपूर्ण आन्दोलनको घोषणा गरिएको छ। आजदेखि २८ गतेसम्म हुने आन्दोलन अन्तर्गत सामुदायिक बनमा हस्तक्षेप विरुद्ध हस्ताक्षर संकलन गरि मुलुकका सम्पूर्ण स्थानीय तह, डिभिजन वन कार्यालय, सव डिभिजन बन कार्यालय र प्रदेश बन मन्त्रालयमा बुझाउने। प्रतिदिन तीन घण्टा संघीय वन तथा वातावरण, वन तथा भूसंरक्षण विभाग, प्रदेश वन मन्त्रालयमा धर्ना दिने कार्यक्रम तय गरिएको छ सामुदायिक बन उपभोक्ता महासंघ नेपालका केन्द्रीय उपाध्यक्ष भिमप्रकाश खड्काले जानकारी दिनुभयो। सामुदायिक बन समुहको अधिकारको सुनिश्चितता नभएसम्म कुनै पनि निकायलाई शुल्क नतिर्ने र कोभिडको तेश्रो लहर आएकोले सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूह, महासंघका संरचना सचेत र सजक हुन सम्पूर्णमा आव्हान गर्दै उहाँले अधिकार सुनिश्चित नभएसम्म वन समूहले कुनै पनि निकायलाई शुल्क नतिर्ने जस्ता भद्र अवज्ञा समेत गरिने बताउनुभयो। माघ महिना भरि गरिने आन्दोलनका कार्यक्रम अनुसार बन सम्बन्धी कार्यालय रहेको स्थान र मुख्य चोकहरुमा महासंघले सामुदायिक बन अधिकारका लागि तय गरेका नारा, वातावरणमैत्री रुपमा विभिन्न स्थानमा कालो व्यानर प्रदर्शन, अधिकारमुखी सांस्कृतिक कार्यक्रम, सिट्ठी फुक्ने, शंख बजाउने, घण्टी बनाउने, कटवाली हाक हाल्ने, घटना तथा मामिला अध्ययन सार्वजकि गर्ने र एक्यवद्धता आव्हान सहित आवश्यकता अनुसार निरन्तर संवाद गर्दै अघि बढने घोषित कार्यक्रममा उल्लेख छ। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय महासचिव विर्खबहादुर शाहीका अनुसार मुलुकमा कोभिड १९ को तेश्रो लहर संक्रमण रोकथामका लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्डको पूर्णरुपमा पालना गर्दै सानो भौतिक उपस्थितिमा आन्दोलनलाई अगाडि बढाउन महासंघका सम्पूर्ण संरचनालाई अनुरोध गरिएको छ। वर्तमान जोखिम अवस्थामा भौतिक उपस्थित भन्दा पनि सञ्चार र सामाजिक सञ्जाल भरपुर उपयोग गरि आन्दोलनलाई प्रभावकारी वनाउन संघीय, प्रदेश, जिल्ला, स्थानीय र वन उपभोक्ता समुहलाई आग्रह गरिएको उहाँको भनाइ छ।

मुलुकका २२ हजार ४१७ सामुदायिक बन समूहमा २९ लाख २३ हजार घरका एक करोड ४० लाख भन्दा बढी परिवार सामुदायिक बनमा आवद्ध रहेको बताउँदै उहाँले सामुदायिक वन क्षेत्रले २३ लाख हेक्टर क्षेत्रफल भूभाग ओगटेको जानकारी दिनुभयो। उपभोक्ताबाट भएको संरक्षण एवम् विकासको कारण बन क्षेत्र क्रमिक रुपमा बढ्दै गएको तथ्याङ्कमा उल्लेख छ।

नेपालमा प्रजातन्त्र प्राप्तिसँगै उजाड भएका वन क्षेत्र उपभोक्ताले जिम्मा लिएपछि आफ्नो सन्तानको रुपमा हेरचाह गरेसँगै हराभरा भएको बन यतिखेर उपयोग गर्ने अवस्थामा पुगेको छ। नेपाल सरकार र सामुदायिक वन उपभोक्ता महासंघको समन्वय र सहकार्यमा दिगो वन व्यवस्थापनसंगै सर्वसुलभ तवरले वन पैदावारको उपयोग गर्ने वातावरण तयार गर्ने हो भने आगामी दिनमा मुलुकलाई काठमा आत्मनिर्भर बनाउँदै वातावरणमैत्री हरित रोजगार सिर्जना गर्न समेत सहयोग पुग्ने यस क्षेत्रका विज्ञहरुको सामुहिक धारणा छ।

# दमौली अस्पतालमा सघन उपचार कक्ष तयारी

पोखरापत्र संवाददाता

तनहुँ, ५ माघ

सदरमुकामस्थित दमौली अस्पतालमा ४८ जना बिरामी क्षमताको सघन उपचार कक्ष तयारी अवस्थामा राखिएको छ। गम्भीर प्रकृतिका बिरामीका लागि सघन उपचारका ३२ र सामान्य किसिमका १६ गरी उक्त सङ्ख्यामा सघन कक्ष तयारी अवस्थामा राखिएको हो।

सघन कक्ष भवनको माथिल्लो तलामा गत आर्थिक वर्षमा ट्रष्ट निर्माणको कार्य थालिए पनि बजेट अभावका कारण सम्पन्न गर्न नसकिएकोले यसवर्ष पुनः गण्डकी प्रदेश सरकार समक्ष बजेट माग गरिएको सूचना अधिकारी डा दिवस ढकालले जानकारी दिनुभयो। करिब रु दश लाख बजेट आवश्यक पर्ने देखिएको छ। उहाँले भन्नुभयो, "ट्रष्ट निर्माण पश्चात अझै शयूया क्षमता वृद्धि गर्न सकिनेछ।" दमौली अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्टबाट दैनिक १८ सिलिन्डर ग्यास उत्पादन गर्नसक्ने क्षमताको रहेको उहाँले बताउनुभयो।

अस्पतालका सघन कक्षमा बिरामीको सङ्ख्या शून्य रहेका कारण सबै शयूया खाली रहेको सो अस्पतालले जनाएको छ। जिल्लामा कोरोना सङ्क्रमणको सङ्ख्या उकालो चढ्दै गरेको अवस्थामा स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै शयूया क्षमता वृद्धि गर्न लागिएको उहाँले बताउनुभयो।

अस्पतालमा दैनिक एक सयदेखि १५० सम्मको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका छन्। यतिबेला रुघाखोकी, भाइरल ज्वरोका बिरामीको सङ्ख्या बढेको मेडिकल रेकर्डर सरोजरेग्मीले जानकारी दिनुभयो।

उपचारमा आएका बिरामीलाई आराम गर्न होम आइसोलेशनमा बस्ने, खानपिनमा ध्यान दिने, तातोपानी मात्र सेवन गर्ने र नियमित औषधि सेवन गर्ने लगायतका सल्लाह सुझाव दिने गरिएको उपचारमा संलग्न चिकित्सकहरू बताउँछन्।

तनहुँमा मंगलबार सम्म १११ नयाँ सङ्क्रमित रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो। केहि दिन अघि तनहुँमा कोरोना सङ्क्रमण दर सङ्ख्या न्यून रहेको थियो।

# नेपालमा लगानी गर्न जर्मनीलाई चेम्बरको आग्रह

रासस

काठमाडौं, ५ माघ

नेपाल चेम्बर अफ कमर्सले भौतिक पूर्वाधार र निर्यात प्रवर्द्धन गर्न सकिने खालका उद्योगमा लगानी गर्न जर्मनीसँग आग्रह गरेको छ।

नेपालका लागि जर्मनीका राजदूत डा थोमस प्रिन्जसँग आज चेम्बर भवन जमलमा भएको भेटघाटमा चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले जलविद्युत्, पर्यटन, निर्यातमूलक उद्योगमा लगानी तथा सहकार्य गर्न आग्रह गर्नुभएको हो। भेटमा अध्यक्ष मल्लले जलाशाययुक्त जलविद्युत् आयोजनामा लगानीको सम्भावना रहेकाले जर्मनीका निजी क्षेत्रलाई अध्ययन भ्रमणका लागि बोलाउन राजदूत प्रिन्जसँग आग्रहसमेत गर्नुभयो।

उहाँले पर्यटन क्षेत्रमा युरोपेली मुलुकलाई आकर्षित गर्न नेपालले विभिन्न अभियान चलाइरहेको बताउँदै काठमाडौँबाट युरोपमा सिधा उडान खुलाउनका लागि पहल गर्न राजदूतसमक्ष आग्रह गर्नुभयो। काठमाडौँबाट सिधा उडान भएमा नेपालमा युरोपबाट धेरै पर्यटक घुम्न आउने उहाँको भनाइ थियो। अध्यक्ष मल्लले कफी, पश्मिना, जडीबुटीजन्य तेल, हस्तकलाका सामानको जर्मनीलगायतका युरोपेली देशमा माग रहेकाले व्यापार सहजीकरण गर्नुपर्ने बताउनुभयो। सोही भेटमा राजदूत प्रिन्जले कोभिडलगत्तै विश्वमै पर्यटन गतिविधि बढ्ने भएकाले त्यसको अवसर खोज्नतर्फ नेपाल लाग्नुपर्ने बताउनुभएको थियो। काठमाडौं 'फ्र्याङ्कफर्ट' सिधा हवाई उडानका लागि नेपालले हवाई सुरक्षाको मापदण्ड पूरा गर्नुपर्ने राजदूत प्रिन्जको भनाइ थियो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि.सं. १९८७ मंसिर

स्वर्गारोहणः
वि.स. २०७८/१०/०३ गते



स्व. खुशिना गुरुङ

देउपुर मैदान मोदी–२ पर्वत निवासी स्वर्गीय जि.पं.स., प्र.पं. दान बहादुर गुरुङकी धर्मपत्नी तथा स्वर्ग बहादुर गुरुङकी ममतामयी आमा **खुशिना गुरुङ**को ९१ वर्षको उमेरमा आफ्नै निवास देउपुर मैदानमा निधन भएकोले हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको अमर आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारणा गर्ने शक्ति भगवान बुद्ध र देउपुरका देवी देवताले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रेम कुमार गुरुङ
अध्यक्ष एवं
देउपुर गुरुङ समाज पोखरा परिवार

नोटः उहाँको 'सेमेकैं' (३ दिनको भात दिने) कार्यक्रम यहि माघ ७ गते शुक्रबारको दिन आफ्नै निवास देउपुर मैदानमा हुने जानकारी गराउँदछौं।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की

सेवा करारमा पदपुर्ति सम्बन्धी सूचना

यस प्रयोगशालाका लागि कोभिड-१९ उपचार तथा पि.सि.आर. प्रयोगशालामा कामकाज गर्ने गरी गण्डकी प्रदेश सरकार मन्त्रीपरिषदको निर्णय अनुसार स्वीकृत अस्थायी दरबन्दीको निम्नानुसारको पदहरुमा आ.व.०७८।०७९ को आषाढ मसान्तसम्मका लागि कार्यालय सहयोगी जनशक्ति करारमा लिन आवश्यक परेको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७८/१०/१२ गते) कार्यालय समयभित्र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि सहित रु. १० को टिकट टाँसी रीतपूर्वकको दरखास्त (निवेदन) साथ पासपोर्ट साईजको फोटो टाँस गरी यस प्रयोगशालामा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| सि. न. | सूचना नं. | पद | सेवासमुह/ तह | आवश्यक संख्या | आवश्यक शैक्षिक योग्यता | छनोटको किसिम | उमेर | दरखास्त दस्तुर | पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७८ /०७९ | कार्यालय सहयोगी (सेवा करार) | प्रशासन /सा.प्र. (श्रेणी विहिन) | ५ (पाँच) | साधारण लेखपढ गर्न जान्ने | अन्तरवार्ता | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | नलाग्ने (निशुल्क) | नेपाल सरकारको प्रचलितस्केल अनुसार | कोभिड सम्बन्धी कामको अनुभवीलाई विशेष ग्राहयता दिइने छ। |

नोट :
१. अन्तरवार्ता २०७८/१०/१३ गते दिनको १२:०० बजेदेखि शुरु हुने छ।
२. थप जानकारीको लागि यस प्रयोगशालाको फोन नं. ०६१-५३७२३९ मा सम्पर्क राख्न सकिने छ।